# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको
# पन्ध्रौं वार्षिक साधारण सभाको
# काम कारवाहीको विवरण तथा निर्णयहरु (माईन्यूट)

## १. बैधानिक सभा:

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०८१ मंसिर ११ गते बसेको २२८ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको पन्ध्रौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री राजा अर्यालज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम पन्ध्रौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समय:

मिति: २०८१ पौष ११ गते बिहीवार (तदनुसार डिसेम्वर २६, २०२४)
स्थान: आम्रपाली व्याङ्केट, भाटभटेनी, काठमाण्डौं ।
समय: बिहान १०:०५ बजे प्रारम्भ भई १२:२५ बजे सम्पन्न ।

## ३. सभाको सूचना:

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार पन्ध्रौं वार्षिक साधारण सभा हुने मिति, स्थान, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा शेयरधनीहरुको उपस्थितिको लागि मिति २०८१/०८/१२ गतेको राष्ट्रियस्तरको कारोवार दैनिक र मिति २०८१/०८/२४ को आर्थिक दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरिएको थियो । साथै, कम्पनी ऐन २०६३ को दफा ८४ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीका लागि राष्ट्रियस्तरको आर्थिक दैनिक पत्रिकामा मिति २०८१/०८/१७ र २०८१/०८/२५ गते प्रकाशन गर्नुको साथै यस लघुवित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* तथा यस संस्थाको शेयर रजिष्ट्रार ग्लोवल आईएमई क्यापिटलबाट प्राप्त गर्न सकिने व्यवस्था गरिएको थियो ।

## ४. सभामा उपस्थिति:

### (क) सञ्चालकहरुको उपस्थिति

| | |
|---|---|
| १. श्री राजा अर्याल (प्रतिनिधि: ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री चन्दन कार्की (प्रतिनिधि: कुमारी बैंक लि.) | सञ्चालक |
| ३. श्री लक्ष्मण प्रसाद जैसी (प्रतिनिधि: आईसिएफसी फाइनान्स लि. ) | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री सरिना उप्रेती | स्वतन्त्र सञ्चालक |

First Microfinance

(ख) **पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :**

१. सि.ए. प्रकाश लम्साल — प्रतिनिधि, पि.एल.आर.जी एसोसियटस्
२. श्री मन्दीप लुईटेल — प्रमुख कार्यकारी अधिकृत, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
३. श्री गोमा राना — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
४. श्री मिरा खड्का — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
५. श्री सोनम दावा शेर्पा — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.

(ग) **व्यवस्थापनका पदाधिकारी**

१. श्री नुमनाथ पौडेल — प्रमुख कार्यकारी अधिकृत
२. श्री दानराज पन्त — नायव प्रमुख कार्यकारी अधिकृत
३. श्री बाबुराम न्यौपाने — कर्जा/जनशक्ति विभाग प्रमुख
४. श्री बिजय शर्मा — वित्त विभाग प्रमुख/कम्पनी सचिव
५. श्री ज्ञानेन्द्र वाग्ले — लघुवित्त कर्जा/सञ्चालन विभाग प्रमुख
६. श्री दिना डंगोल — आन्तरिक लेखापरीक्षण/अनुपालना विभाग प्रमुख
७. श्री शैलजा वावा अमात्य — कर्जा प्रशासन विभाग प्रमुख
८. श्री सदिक्षा रिजाल — सामान्य सेवा विभाग प्रमुख
९. श्री देवराज नेपाल — जोखिम व्यवस्थापन विभाग प्रमुख

(घ) **शेयरधनीको उपस्थिति तथा गणपुरक संख्या:**

| कुल शेयर संख्या | साधारण सभामा प्रतिनिधित्व भएको शेयर संख्या | उपस्थित शेयरधनी | | जम्मा उपस्थित शेयरधनी तथा शेयरधनीका प्रतिनिधी | शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयंम | प्रतिनिधी मार्फत | | |
| १,२३,३८,२६९.०२ | ६८,७८,४५४.८२ | २७० | १७ | २८७ | ५५.७५% |

**५ सभामा प्रस्तुत छलफलका विषयहरुः**

**क) सामान्य प्रस्ताव**

१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ०.४७ प्रतिशतले हुने नगद लाभांश ( कर प्रयोजनको लागी) रु. ५८,४४,४४१ (अक्षरेपि अन्ठाउन्न लाख चौवालीस हजार चार सय एकचालीस मात्र) पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फवाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**ख) विशेष प्रस्ताव**

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको ९.०० प्रतिशतले हुने रु. ११,१०,४४,४२१ (अक्षरेपि एघार करोड दश लाख चौवालीस हजार चार सय एक्काईस मात्र) । बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

७) कम्पनीको अधिकृत पूँजी १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठ्तिस लाख छब्विस हजार नौ सय दुई) बाट बृद्धि गरी रु. २००,००,००,००० (अक्षरेपी दुई अर्ब), जारी तथा चुक्ता पूँजी रु. १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठ्तिस लाख छब्विस हजार नौ सय दुई) बाट बृद्धि गरी रु. १,३४,४८,७१,३२३ (अक्षरेपी एक अर्ब चौतिस करोड अठ्चालीस लाख एकहत्तर हजार तिन सय तेईस) पुऱ्याउने ।

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

९) फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

१०) सञ्चालकहरुको नियुक्ति अनुमोदन गर्ने ।

First Microfinance

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षताः

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनी स्वंम उपस्थित हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या २८७ भएको र कुल ६८,७८,४५४ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५५.७५ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रीतपुर्वक साधारण सभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने सम्वन्धमा कम्पनी सचिवले जानकारी गराएपछि विहान १०:१० बजे सञ्चालक समितिका अध्यक्ष श्री राजा अर्यालको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा सुरु भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुतिः

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पुर्व पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित सञ्चालक समितिका पदाधिकारी, शेयरधनी महानुभावहरु, शेयरधनीका प्रतिनिधीहरु, आमन्त्रित अतिथि तथा कर्मचारीहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ कम्पनी सचिवज्यूले उपस्थित सवैलाई राष्ट्रिय गानमा सरिक हुनको लागि उद्घोष गर्नुभयो र सवैजना राष्ट्रिय गानमा सहभागी हुनुभयो ।

७.३ प्रमुख कार्यकारी अधिकृतज्यूले पन्ध्रौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट शुभकामना मन्तब्य व्यक्त गर्नुका साथै शेयरधनीहरुलाई स्वागत गर्नुभयो ।

७.४ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको तर्फवाट शेयरधनी महानुभावहरुलाई स्वागत गर्दै पन्ध्रौं बार्षिक प्रतिवेदनमा संलग्न रहेको सञ्चालक समितिको प्रतिवेदनलाई संक्षिप्त रुपमा पढेर सुनाउनु भयो ।

७.५ अध्यक्षज्यूको मन्तब्य प्रस्तुत भएपछि सञ्चालक समितिको पन्ध्रौं बार्षिक प्रतिवेदन लगायतका प्रस्तावहरु उपर छलफल गरि पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञाशा, मन्तब्य, सुझाव तथा प्रश्न राख्न तथा छलफल गर्न ईच्छुक शेयरधनी महानुभावहरुलाई सभाका अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले आह्वान गर्नुभयो ।

First Microfinance

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरुको अभिब्यक्तिः

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको प्रतिवेदन, लेखा विवरण, छलफलका बिषयहरुमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री उत्तम दत्त पाण्डेले पन्ध्रौं बार्षिक साधारण सभामा उपस्थित सवैमा अभिवादन ब्यक्त गर्नुभयो । नेपालको आर्थिक गतिविधीमा शिथिलता, कर्जा नतिर्ने प्रवृत्ति, लघुवित्तको नियमनमा कडाई आदि कारणले गर्दा यस संस्थाको निष्कृय कर्जा ३.१६ प्रतिशत पुगेको र कर्जा नोक्सानी ब्यवस्था ३१.६३ करोड पुगेकोमा त्यसको ब्यवस्थापन गर्न सञ्चालक समिति तथा ब्यवस्थापनको ध्यानार्कषण गर्नुभयो । शेयरधनीको चासोको विषय लाभांश रहेकोमा संस्थाले कुल ९.४७ प्रतिशत लाभांश प्रदान गरेकोमा धन्यवाद प्रकट गर्नुभयो ।

८.२ शेयरधनी श्री उद्धव घिमिरेले फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको लाभांश ईतिहास राम्रो रहेको र यसपटक कुल ९.४७ प्रतिशत लाभांश दिनु स्वागतयोग्य रहेको बताउनु भयो । संस्था ठुलो हुदै गएको सर्न्दभमा आफ्नै भवन हुनु उपयुक्त हुने हुनाले भवन खरिदको लागि सुझाव दिनुभयो । संस्थाले साधारण सभामा गाभ्ने/गाभिने तथा प्राप्ति सम्वन्धमा प्रस्ताव राख्नुभएकोमा संस्थाको अस्तित्व रहने गरि अन्य संस्थामा गाभ्ने/गाभिने वा प्राप्ति गर्न सुझाव दिनुभयो । साथै, जगेडा कोषको अंश शेयर पूँजीको ६५ देखी ७५ प्रतिशत सम्म हुँदा संस्था बलियो हुने हुँदा त्यस्ता कोष बढाउन र संस्थाको उत्तोरउत्तर प्रगतीका साथै सम्पत्तीको गुणस्तर र ब्यवस्थापनमा ध्यान दिनुपर्ने सुझाव राख्नु भयो ।

८.३ शेयरधनी श्री ब्रमदेव शाक्यले साधारण प्रस्तावको प्रस्ताव नं. ३ तथा विषेश प्रस्तावको ६ नं. बुदाँमा आफ्नो पुर्ण सर्मथन रहेको र खुद्रा कारोवार गर्ने संस्थाहरुमा आएको विचलनको कारणले थोक कर्जा प्रदायक संस्थाहरु अप्ठ्यारो स्थीतिमा परेका कारण लाभांश कम हुन गएको धारणा राख्नुभयो । संस्थाले गाभ्ने/गाभिने तथा प्राप्ती सम्वन्धी प्रस्ताव गर्नुको कारण प्रष्ट पारिदिनुहुन तथा सामाजिक उत्तरदायित्व अर्न्तगत गरिएका खर्चहरुमा आफ्नो सर्मथन रहेको जानकारी गराउनुभयो ।

८.४ शेयरधनी श्री सुदिप श्रेष्ठले संस्थाले प्रदान गरेको लाभांश अघिल्लो बर्षको तुलनामा कम भएपनि प्रस्तावित लाभांशको लागि धन्यवाद दिनुभयो । देशको आर्थिक बिषमताको कारणले कर्जा लगानी र खुद नाफा घट्न गएकोमा चिन्ता ब्यक्त गर्नु भयो ।

८.५ शेयरधनी श्री शत्रुघन श्रेष्ठले उच्च शैक्षिक योग्यता र पर्याप्त बैंकिङ्ग अनुभव भएका बैंक तथा वित्तीय संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक एवं ब्यवस्थापन समुहले नेतृत्व लिनुभएकोमा हामीहरु ढुक्क भएर विश्वास गर्न सक्ने अवस्था रहेको र कतिपय बैंक तथा वित्तीय संस्थाले गत आर्थिक बर्षमा लाभांश दिन नसकेकोमा यस संस्थाले लाभांश प्रदान गरेकोमा धन्यवाद दिनुभयो । ऋण मिनाहा हुने हल्लाले गर्दा लघुवित्त वित्तीय संस्थाहरुले कर्जा बृद्धि गर्न नसकेकोमा चिन्ता ब्यक्त गर्नुभयो । यस संस्थाको निष्कृय कर्जा ०.६६ प्रतिशत वाट ३.१६ प्रतिशत हुन गएकोमा त्यसको समयमानै ब्यवस्थापन गर्न सुझाव दिनुभयो ।

८.६ शेयरधनी श्री गोविन्द बहादुर के.सी. ले समय गतिशील रहेको र हाल बैंकिङ्ग क्षेत्रमा देखिएको अराजक गतिविधिहरुको कारणले बैंक तथा वित्तीय संस्थाको आर्थिक गतिविधिमा नै असर परेको र यसको बावजुद पनि संस्थाले गरेको प्रस्तावित लाभांश स्वागतयोग्य रहेको, कर्जा असुलीमा समस्या बढेको, ब्यवसायिक वातावरण खस्केको, निष्कृय कर्जा बढेको, कर्जा नर्तिने ऋणीहरु हावी भएको कारणले गर्दा बैंकिङ्ग क्षेत्र नै धरासायी हुने संभावना बढेको जानकारी गराउनुभयो ।

८.७ शेयरधनी श्री बैजुनाथ रौनियारले संस्थाको प्रतिशेयर आम्दानी घटेको, निष्कृय कर्जा बढेकोमा संस्थाका पदाधिकारीहरुको ध्यानार्कषण गराउनुभयो । बोनश शेयर मार्फत पूँजी बढाउनु भएकोमा धन्यवाट प्रकट गर्नुभयो । संस्थागत सामाजिक उत्तरदायित्वको क्षेत्र बढाउनको साथै कर्मचारीको क्षमता थप अभिवृद्धि गराउन सुझाव राख्दै संस्थाको उत्तरोत्तर प्रगतीको लागी शुभकामना दिनुभयो ।

८.८ शेयरधनी श्री ईन्द्र प्रसाद लामिछानेले फर्स्ट माइक्रोफाइनान्सको आगामी बार्षिक साधारण सभाहरु सम्भव भएसम्म पहिलो त्रैमास भित्रै सम्पन्न गर्न अनुरोध गर्नुभयो । भाखा नाघेको कर्जा र कर्जा नोक्सानी व्यवस्था कम राख्न सके प्रति शेयर आम्दानी र लाभांश दर उच्च राख्न सकिने सुझाव दिनुभयो ।

८.९ शेयरधनी श्री नर सिंह लाल चखु: ले संस्थाले प्रस्तुत गरेको बार्षिक प्रतिवेदन तथा वित्तीय विवरणहरुको अध्ययन गर्दा सवै बिषयहरु स्पष्ट नै रहेको साथै संस्थाले प्रस्ताव गरेको कुल ९.४७ प्रतिशत लाभांशको लागि सञ्चालक समिति तथा व्यवस्थापनलाई धन्यवाद प्रदान गर्नुभयो । संस्थाका क्रियाकलापहरुलाई बढाउनहुन, आम्दानीको श्रोत पहिचान गरि आम्दानीको क्षेत्र विस्तार गर्न संस्थाको व्यवस्थापन सक्षम रहेको विश्वास प्रकट गर्नुभयो । संस्थाले बजार जोखिम, कर्जा जोखिम, तथा अन्य जोखिमको व्यवस्थापन गरि अगाडि बढ्न सञ्चालक समिति तथा व्यवस्थापन समितिलाई सुझाव दिनुभयो ।

८.१० शेयरधनी श्री निरुपमा गुप्ताले संस्थाको EPS, PE Ratio, Book Value सवै राम्रो नै रहेकोमा व्यवस्थापनलाई धन्यवाद र आगामी बर्षहरुमा साधारण सभा समयमा नै सम्पन्न गर्न सुझाव दिनुभयो । निष्कृय कर्जा घटाउदै लैजान र सामाजिक उत्तरदायित्व अर्न्तगत विपन्न वर्ग परिवारका विद्यार्थीहरुलाई छात्रवृत्रि प्रदान गर्न सुझाव दिनुभयो । आगामी बर्षहरुमा पनि यस्तै बोनश शेयर लाभांशको आशा राखेको बताउनु भयो । आगामी बर्षको रणनीतिक योजना र लगानी नीति कस्तो छ त्यसको जानकारी प्रदान गर्न सञ्चालक समितिको ध्यानार्कषण गर्नुभयो ।

८.११ शेयरधनी श्री अमिर दास रञ्जितले साधारण सभा गर्ने दिन अन्य संस्थाहरुको बार्षिक साधारण सभासँग नजुधाएकोमा धन्यवाद दिनुभयो । संस्थाले बार्षिक प्रतिवेदनको अन्तिम पृष्ठमा विगत ५ बर्षका सुचकहरु राख्न, कर्मचारीहरुको नाम तथा शाखा कार्यालयको विवरणहरु राख्न सुझाव दिनुभयो । संस्थाले त्रैमासिक रुपमा प्रकाशित गर्ने वित्तीय विवरणहरु समयमा नै प्रकाशित गर्दै संस्थाको प्रतिष्ठा कायम राख्न सुझाव दिनुभयो । संस्थाले राखेको मर्जर प्रस्तावबारे प्रष्ट पार्न अनुरोध गर्नुभयो ।

८.१२ शेयरधनी श्री कृष्ण अधिकारीले साधारण सभा सफतलताको लागी स्वस्ती बाचन गर्नुभयो । संस्थाको बार्षिक प्रतिवेदन साधारण सभा हुनुभन्दा ७ दिन अगावै शेयरधनीहरुलाई पठाउन र बार्षिक साधारण सभा सञ्चालनको समय बिहान १० बजेको सट्टामा ११ बजे राख्न सुझाव दिनुभयो ।

## ९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

साधारण सभामा सहभागी शेयरधनीहरुबाट मन्तब्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो ।

अध्यक्षज्यूले सवै वक्ता शेयरधनीहरुको सुझावलाई सकारात्मक तथा स्वागतयोग्य रुपमा लिईएको, वक्ता शेयरधनीहरुवाट आएको मुख्य मुख्य सुझावहरुलाई आगामी योजनामा समेटने ब्यहोरा जानकारी गराउनुभयो । संस्थाको ब्यवसाय विस्तार तथा लगानीको सम्वन्धमा सञ्चालक समितिवाट नियमित अध्ययन तथा विश्लेषण

गर्ने गरिएको र आवश्यकता अनुसार नयाँ रणनीति बनाउने र त्यसलाई परिस्थीति अनुसार परिमार्जन गर्ने गरि सञ्चालक समितिमा समीक्षा गर्ने गरिएको ब्यहोरा जानकारी गराउनुभयो । हाल यस संस्थाको निष्कृय कर्जा ब्यवस्थापन चासोको बिषय रहेको र यस बिषयमा सञ्चालक समितिको बैठकहरुमा नियमीत रुपमा छलफल हुने र खराव ऋण असुलीको लागी कानुनी प्रकृयामा गएको समेत जानकारी गराउनुभयो । संस्थाको आफ्नै भवन खरीद गर्ने प्रश्नको प्रतिउत्तरमा शेयरधनीहरुको सुझाव अनुरुप औचित्य हेरेर त्यसवाट हुने लाभ/हानीको मुल्याङ्कन गरी खरिद गर्ने योजना रहेको, गाभ्ने/गाभिने तथा प्राप्ती सम्वन्धमा उपयुक्त साझेदार संस्था भएको खण्डमा ब्यवसाय विस्तार, खर्चमा मितब्ययी तथा प्रभावकारी हुने देखिए आवश्यक शर्तहरु पुरा हुने अवस्थामा मात्र गाभ्ने/गाभिने तथा प्राप्ती गरिने, आगामी बर्षहरुमा ब्यवसाय तथा नाफा बढाउने बिषयमा ब्यवस्थापनलाई अल्पकालिन तथा दीर्घकालीन रणनीति बनाई अघि बढ्न निर्देशन दिईएको, साथै सामाजिक उत्तरदायित्वको परिधीलाई बढाउनुको साथै विपन्न वर्गको शिक्षा तथा स्वास्थ्यमा समेत खर्च गर्न सकिने ब्यहोराहरु जानकारी गराउनुभयो ।

उहाँले वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुवाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई मनन् गर्दै क्रमशः कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षज्युले सभा समक्ष ब्यक्त गर्नुभयो ।

अन्त्यमा सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई अध्यक्ष्यज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नुभयो ।

## १०. सभाको निर्णयहरुः

### (क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०८०/८१ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट पन्ध्रौं वार्षिक साधारण सभामा प्रस्तुत भएको आ.व. २०८०/८१ को सञ्चालक समितिको प्रतिवेदन छलफल पश्चात् पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०८१ आषाढ मसान्तको वित्तीय अवस्थाको विवरण (वासलात) तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०८०/८१ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।**

First Microfinance

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ०.४७ प्रतिशतले हुने नगद लाभांश (कर प्रयोजनको लागी) रु. ५८,४४,४४१ (अक्षरेपि अन्ठाउन्न लाख चौवालीस हजार चार सय एकचालीस मात्र) पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुंदा यस लघुवित्त वित्तिय संस्थाको सञ्चालक समितिको प्रस्ताव गरे बमोजिम आर्थिक वर्ष २०८०/८१ सम्मको वितरणयोग्य नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई यस संस्थाको चुक्ता पूँजीको ०.४७ प्रतिशतले हुने नगद लाभांश (कर प्रयोजनको लागी) रु. ५८,४४,४४१ (अक्षरेपि अन्ठाउन्न लाख चौवालीस हजार चार सय एकचालीस मात्र) पारित गर्ने भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।**

४) कम्पनीको आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले ३ वटा लेखापरिक्षण फर्महरु बि.आर. पाण्डे एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस्, आर. सापकोटा एण्ड एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् तथा, एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्लाई सिफारिस गरेकोमा आर्थिक वर्ष २०८०/८१ को लेखापरीक्षण गर्न लेखापरीक्षक एस.आर. पाण्डे एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्लाई मुल्य अभिवृद्धि कर सहित रु. ५,६५,०००।- ( अक्षरेपि पाँच लाख पैसठ्ठी हजार मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल राष्ट्र बैंकले तोकेको ढाँचामा नेपाल वित्तीय प्रतिवेदनमान बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, लगायतका बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिक प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत भयो ।**

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फवाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**प्रस्ताव नं. ५ को सर्वसाधारण शेयरधनी (समूह 'ख') का तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन सञ्चालन गर्न "फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. काठमाण्डौको निर्वाचन निर्देशिका, २०६९" बमोजिम मिति २०८१ मंसिर ११ गते मंगलवारका दिन बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त हुनुभएका निर्वाचन अधिकृत बरिष्ठ अधिवक्ता श्री रामचन्द्र सुवेदीलाई निर्वाचित सञ्चालकको निर्वाचन गर्ने तथा परिणाम घोषणा गर्न अध्यक्षज्यूको आज्ञाले कम्पनी सचिवले समय प्रदान गर्नुभयो । निर्वाचन अधिकृत श्री रामचन्द्र सुवेदीज्यूले निर्वाचन अधिकृत कार्यालयको कार्यक्रम अनुसार ३ जना सञ्चालकको आवश्यक पदमा श्री युवराज क्षेत्री, श्री धन प्रसाद शर्मा तथा श्री खेम प्रसाद खतिवडाको मनोनयन पत्र दर्ता भएकोमा उम्मेदवार श्री धन प्रसाद शर्माले मनोनयन पत्र फिर्ता लिनुभएको कारण उम्मेदवारहरु श्री युवराज क्षेत्री, र श्री खेम प्रसाद खतिवडालाई सर्वसाधारण शेयरधनी (समूह 'ख') का तर्फबाट आगामी १ कार्यकाल अवधिका लागि संचालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।**

**साथै, सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फवाट ३ जनाको सञ्चालकहरुको निर्वाचन सन्दर्भमा हाल २ जना मात्रै निर्वाचित हुनुभएकोमा रिक्त १ जना सञ्चालक आगामी बार्षिक साधारण सभावाट अनुमोदन गर्ने गरि नियुक्त गर्न सञ्चालक समितिलाई जिम्वेवारी प्रदान गर्ने र यसरी निर्वाचित हुने सञ्चालकको कार्यकाल यसै समुह अर्न्तगत निर्वाचित हुनुभएका सञ्चालक बरावर हुने गरि गरिमामय सभामा प्रस्ताव पेश गर्नुभएकोमा साधारण सभाले उक्त प्रस्ताव स्वीकृत गरेको छ ।**

First Microfinance

ख) **विशेष प्रस्ताव तर्फ**

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पूँजीको ९.०० प्रतिशतले हुने रु. ११,१०,४४,४२१ (अक्षरेपि एघार करोड दश लाख चौवालीस हजार चार सय एक्काईस मात्र) बरावरको बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको ९.०० प्रतिशतले हुने रु. ११,१०,४४,४२१ (अक्षरेपि एघार करोड दश लाख चौवालीस हजार चार सय एक्काईस मात्र) बरावरको बोनस शेयर वितरण गर्न सर्वसम्मतीवाट स्वीकृत गरी पारित भयो ।**

७) कम्पनीको अधिकृत पूँजी १,२३,३८,२६,९०२ (अक्षरेपी एक अर्ब तेईस करोड अठ्तिस लाख छब्विस हजार नौ सय दुई) बाट बृद्धि गरी रु. २००,००,००,००० (अक्षरेपी दुई अर्ब), जारी तथा चुक्ता पूँजी रु. १,२३,३८,२६,९०२ ( अक्षरेपी एक अर्ब तेईस करोड अठ्तिस लाख छब्विस हजार नौ सय दुई) बाट बृद्धि गरी रु. १,३४,४८,७१,३२३ ( अक्षरेपी एक अर्ब चौतिस करोड अड्चालीस लाख एकहत्तर हजार तिन सय तेईस) पुऱ्याउने ।

**प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रको निम्नानुसार दफा सर्वसम्मतीवाट संशोधन गर्ने निर्णय भयो :**

**प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :**

**(क) लघु वित्त वित्तीय संस्थाको अधिकृत पूँजी रु. २,००,००,००,००० (अक्षरेपी दुई अर्व) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका २,००,००,०००।- (दुई करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर रु. १,३४,४८,७१,३२३ (अक्षरेपी एक अर्ब चौतिस करोड अठचालीस लाख एकहत्तर हजार तिन सय तेईस) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु. १०० दरका १,३४,४८,७१३.२३ (एक करोड चौतिस लाख अठचालीस हजार सात सय तेन्ह दशमलव तेईस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**(ग) लघु वित्त वित्तीय संस्थाको तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु. १,३४,४८,७१,३२३ (अक्षरेपी एक अर्ब चौतिस करोड अठचालीस लाख एकहत्तर हजार तिन सय तेईस) हुनेछ ।**

८) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा उपरोक्त बमोजिमको यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर आवश्यक संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिवाट निर्णय भयो ।**

९) फर्स्ट माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने ( मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

First Microfinance

**प्रस्ताव नं. ९ को विशेष प्रस्तावको सम्वन्धमा नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिशन) सम्बन्धी विनियमावली, २०७३ बमोजिम फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्न सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय भयो ।**

**ग) <u>विविध</u>**

१०) संचालकहरुको नियुक्ति अनुमोदन सम्बन्धमा ।

**प्रस्ताव नं. १० को विविध प्रस्तावको सम्वन्धमा संचालक समितिको मिति २०८१।०४।२६ गते बसेको २२१ औं बैठकको निर्णयबाट कुमारी बैंक लिमिटेडबाट यस संस्थामा प्रतिनिधित्व गर्नु हुने श्री मुकुन्द सुवेदीज्यूको सट्टामा श्री चन्दन कार्कीज्यूलाई तथा मिति २०८१।०५।११ गते बसेको २२२ औं बैठकको निर्णयबाट ग्लोवल आईएमई बैंक लिमिटेडवाट यस संस्थामा प्रतिनिधित्व गर्नुहुने श्री सुरेन्द्र राज रेग्मीज्यूको सट्टामा श्री राजा अर्यालज्यूलाई नियुक्त गरिएकोमा सर्वसममतीवाट अनुमोदन गर्ने निर्णय भयो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन:**

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूवाट प्राप्त सभा विसर्जन गर्ने आज्ञा अनुसार सभामा कम्पनी सचिवले उपस्थित शेयरधनी महानुभावहरु, शेयरधनीका प्रतिनिधीहरु, शेयर रजिष्ट्रार, लेखापरिक्षक, आमन्त्रित अतिथीहरु, कर्मचारी साथीहरु साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको पन्ध्रौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिनुभयो र यस पन्ध्रौं बार्षिक साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

..........................

**विजय शर्मा**
**कम्पनी सचिव**

First Microfinance

..........................

**राजा अर्याल**
**अध्यक्ष**